# बेलकोटगढी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
बाघखोर नुवाकोट
वागमती प्रदेश, नेपाल

बेलकोटगढी नगरपालिका नगर कार्यपालिकाको कार्यालय बाघखोर,नुवाकोट २०७३

मिति : २०७७/०६/३०

**अत्यन्त जरुरी सूचना !**

उपरोक्त सम्बन्धमा यस नगरपालिकामा कोरोना भाइरस कोभिड – १९ को संक्रमण बढ्दै गएको वर्तमान अवस्थामा यस नगरपालिकाको वडा नं. ८ मा हालै (मिति २०७७/०६/३० को प्राप्त PCR रिपोर्ट अनुसार) ३ जना कोरोना संक्रमित देखा परेको र सो क्षेत्र उच्च जोखिममा रहेको हुँदा उक्त वडाको सम्पूर्ण क्षेत्र : पुर्वमा सादी खोला ९ नं. वडाको सिमाना , पश्चिममा ठुलो खोला वडा नं. ७ को सिमाना, उत्तरमा त्रिशुली नदी, दक्षिणमा ९ नं. वडा बाघखोर जोड्ने सिमाना क्षेत्रमा २०७७ कार्तिक १ गते विहान ६:०० बजेदेखि ७ दिनसम्मका लागि देहायका कार्यहरू गर्न / गराउन रोक लगाउने गरी सूचना जारी गरिएको व्यहोरा अनुरोध छ। यसको वर्खिलाप भए गरेको पाइएमा प्रचलित कानून वमोजिम कारवाही हुने व्यहोरा समेत जानकारी गराइन्छ।

उक्त क्षेत्रमा देहायका कार्यहरु गर्न/ गराउन रोक लगाइएको छ :

क) औषधी उपचार, खाद्य वस्तु खरिद, आफ्नै खेतबारीमा कृषिजन्य कार्य गर्ने जस्ता आवश्यक काममा वाहेक कुनै पनि व्यक्ति घर वाहिर ननिस्कन।

ख)एम्बुलेन्स, स्वास्थ्यकर्मी तथा सुरक्षा निकायले प्रयोग गर्ने साधन र अनुमति प्राप्त सवारी साधन वाहेक कुनै प्रकारका सार्वजनिक वा निजि यात्रु तथा मालवहाक सवारी साधन (मोटरसाइकल समेत) संचालन गर्न।

ग)अत्यावश्यक उपभोग्य वस्तु विक्री गर्ने खाद्यान्न पसल र औषधि पसल वाहेक सम्पूर्ण पसल, उद्योग, व्यवसाय सँचालन गर्न। (तर खाद्यान्न पसल विहान ६:०० बजेदेखि १०:०० बजेसम्म मात्र खोल्न पाइने )।

घ) धार्मिक, सांस्कृतिक, सामाजिक (विवाह, व्रतवन्ध) लगायत कुनै प्रकारको जमघट तथा भेला हुने सबै प्रकारका क्रियाकलापहरु संचालन गर्न।

ङ) अत्यावश्यक सेवाका कार्यालय वाहेक सबै सरकारी, निजि तथा गैरसरकारी क्षेत्रका कार्यालय, बैंक तथा वित्तीय संस्थाहरुबाट प्रदान हुँदै आएका नियमित सेवा संचालन गर्न।

पुनश्च :
जारी विकास निर्माणको कार्यहरु स्वास्थ्य सुरक्षाका मापदण्डहरुको पूर्ण पालना गरेर मात्र अगाडी बढाउन जानकारी गराइन्छ।

.................................
राजेन्द्र रमण खनाल
प्रमुख

राजेन्द्र रमण खनाल
प्रमुख